बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
(प्रशासन शाखा)
कोशी प्रदेश, नेपाल
☎ ०२३-५५५०४४

प.सं. ०८२/८३
च.नं

मितिः-२०८२।०९।०८

विषयः सवारी साधन भाडामा लिने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशितः २०८२।१०।०८)

बुद्धशान्ति गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आ. व. २०८२/८३ मा बुद्धशान्ति गाउँपालिका मुकाम रहि प्रयोग गर्न साथै यस गाउँपालिकाका वडाहरुमा पुग्न सक्ने न्यूनतम ९ सिट क्षमता भएको एक थान हलुका सवारी साधन भाडामा लिने निर्णय भएकोले जिल्ला दररेट भन्दा नबढ्ने गरी के कति मासिक दररेटमा सवारी साधन (सवारी चालक वाहेक) उपलब्ध गराउन सक्ने हो सोहि बमोजिम ईच्छुक व्यक्ति फर्म वा कम्पनीबाट नियमानुसार बहालमा सवारी साधन लिने सम्बन्धी प्रक्रियामा भाग लिनका लागि मिति २०८२।१०।१४ गते कार्यालय समय सम्म निःशुल्क दरभाउ फारम बुझिलिई मिति २०८२।१०।१५ गते विहान ११.०० बजे भित्र यस कार्यालयमा दरभाउपत्र खामबन्दी गरी दर्ता गरिसक्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो मिति २०८२।१०।०४ को गाउँ कार्यपालिकाको निर्णयानुसार सूचना प्रकाशन गरिएको छ । यस सूचना सम्बन्धी विस्तृत विवरण र शर्तहरु यस कार्यालयको वेवसाइट एवं खरिद ईकाइबाट लिन सकिनेछ।

२०८२।१०।०८
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

<u>सवारी साधन भाडामा लिने सम्बन्धी शर्तहरु:</u>

१. चालु अवस्थामा रहेको स्करपियो वा सो सरहको सवारी साधन हुनुपर्ने ।
२. सवारी भाडामा लिए पश्चात सवारी साधन २४ सै घण्टा कार्यालयको नियन्त्रणमा रहनेछ ।
३. कार्यालयको अनुमति विना अन्य प्रयोजनमा सवारी साधन प्रयोग गर्न पाइने छैन ।
४. सवारी साधनको दैनिक भाडादर आ. व. २०८२।८३ को जिल्ला/स्थानीय दररेट चालक वाहेक भन्दा बढी हुने छैन ।
५. प्रस्तावित रकममा नियमानुसार १० प्रतिशत बहाल कर कट्टा गरिनेछ ।
६. सम्भावित प्रकोपबाट हुने क्षति सम्बन्धमा स्वयम सवारी धनी जवाफदेही हुनुपर्नेछ ।
७. सवारीको विलबुक नविकरण भएको हुनुपर्नेछ ।
८. कम्तिमा तेस्रो पक्ष बीमा गरेको हुनुपर्नेछ ।
९. इन्धन कार्यालयले आफै व्यहोर्नेछ ।
१०. रु ५०००। सम्मको अत्यावश्यक मर्मत खर्च कार्यालयले र सो भन्दा बढीको मर्मत खर्च एवं नियमित सर्भिसिङ सवारी धनी स्वयंमले व्यहोर्नुपर्नेछ ।
११. सवारी विग्रिएर सेवा दिन असमर्थ भएमा बैकल्पिक सवारीको व्यवस्था गर्ने जिम्मेवारी सवारी धनीको हुनेछ । अन्यथा उक्त अवधीको दिनगन्तिका हिसावले रकम कट्टा गरिनेछ ।
१२. सवारी भाडा सम्झौता बमोजिमको रकम मासिक रुपमा करकट्टि गरी भुक्तानी गरिनेछ ।
१३. सवारी भाडामा लिदा अग्रिम पेश्की रकम उपलब्ध गराइने छैन ।
१४. कार्यालयमा पेश भएका सिलबन्दी दरभाउपत्र पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयको हुनेछ ।
१५. सवारी भाडामा लिने सम्वन्धी विषयमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।
१६. बुँदा नम्बर ४ मा उल्लेख भएको चालक बाहेक भन्नाले ह.स.चा.को दैनिक तलबमान बराबरको रकम वाहेक भन्ने वुझ्नुपर्दछ ।

<u>पेश गर्नुपर्ने कागजातहरु:</u>

१. नागरिकता/फर्मदर्ताको छाँयाप्रति थान -१
२. नविकरण गरिएको विलबुकको छायाँप्रति थान -१
३. सवारी साधनको तेस्रोपक्ष बीमाको प्रमाणित कागजात थान -१
४. कार्यालयले उपलब्ध गराएको दरभाउ फाराम थान -१

२०८२/१०/०८
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner